## निर्णयहरु

१. यस कार्ययोजनाको हालसम्मको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो।

२. सबै निकायहरुले कार्ययोजनामा समावेश क्रियाकलापहरुमध्ये चालु आ. व. को बार्षिक कार्यक्रममा समावेश गरिएका क्रियाकलापहरुलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्ने।

३. हाल बजेट निर्माणको क्रममा रहेकाले सबै निकायले हालसम्म कार्यान्वयन नभएका र निरन्तर कार्यान्वयन गर्नुपर्ने क्रियाकलापहरुलाई आगामी आर्थिक बर्षको बार्षिक कार्यक्रममा समावेश गर्ने।

४. सबै निकायले प्रत्येक तीन महिनामा यस कार्ययोजना कार्यान्वयनको प्रगति विवरण वातावरण विभागमा पेश गर्ने।

५. वायु प्रदूषण न्यूनिकरण गर्न प्रत्येक निकायले अन्तर्गतका कार्यान्वयन ईकाईहरुलाई वातावरणीय स्वच्छता कायम गर्न, वातावरणीय मापदण्डहरुको परिपालना गर्न र सोको अनुगमन गर्न निर्देशन /परिपत्र गर्ने र निर्देशनको बोधार्थ वातावरण विभागलाई दिने।

६. यो कार्ययोजनामा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नका लागि आगामी आ. ब. मा बजेट तथा कार्यक्रममा समावेश गर्न प्रदेश सरकारहरु र स्थानीय तहहरुलाई अनुरोध गर्न वातावरण विभाग मार्फत पत्राचार गर्ने।

७. कार्ययोजनामा समावेश भएको क्रियाकलाप "सबै डिजेल संचालित सवारीमा डिजेल पार्टिकुलेट फिल्टर वा कुनै पनि रसायन प्रयोग नगरी सञ्चालन गरिने मेकानिकल टेल पाइप जडान गर्न र सो को नियमित मर्मतसंभार गर्नु पर्ने कानुनी व्यवस्था गर्ने" बिषयलाई सम्बोधन गर्ने गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन गर्नुपर्ने देखिएकाले यो बिषय 'समन्वय समिति' मा अनुरोध गर्ने ।

८. वातावरण विभागले यस कार्ययोजना कार्यन्वयनको लागि सचिवालयको रुपमा कार्य गर्ने।

९. आजको बैठकका निर्णयहरु 'समन्वय समिति' का पदाधिकारीहरुलाई अवगत गराउने।

डा. रेवती रमण पौडेल
का.मु. सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं